मिति : २०८०/०४/३०, कापा बैठक संख्याः२-०८०/८१

प्रस्तावहरु

१. आ.व. २०७९/८० को वार्षिक प्रगति समीक्षा सम्वन्धमा,
२. आ.व. २०८०/८१ को गाउँपालिकाको दररेट स्वीकृत सम्वन्धमा,
३. घुम्ती शिविर सञ्चालन सम्वन्धमा,
४. आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम कार्ययोजना सम्बन्धमा,
५. विविध ।

निर्णयहरु

१. आ.व. २०७९/८० को वार्षिक प्रगति समीक्षा सम्वन्धमा

यस कञ्चन गाउँपालिकाका विभिन्न शाखा, इकाई तथा वडा कार्यालयहरूबाट गत आर्थिक वर्ष २०७९/८० मा भए गरेका कार्यहरूको प्रगती विवरण सहितको वार्षिक समीक्षा मिति २०८० श्रावण ३२ गते बिहीवार बिहान ११ बजे गाउँपालिका सभाहलमा गर्ने । उक्त कार्यक्रममा प्रत्येक शाखा प्रमुख तथा वडा सचिवहरूले बढीमा १०/१० मिनेटको Presentation (प्रस्तुतीकरण) तयार गरी प्रस्तुत गर्न निर्देशन गर्ने ।

२. आ.व. २०७९/८० को गाउँपालिकाको दररेट स्वीकृत सम्वन्धमा

आर्थिक वर्ष २०८०/८१ मा जिल्ला दररेटलाई आधार मानि तयार भई प्राविधिक शाखाबाट पेश भएको देहाय अनुसारको रेट विश्लेषण (Rate Analysis) लाई स्वीकृत गर्ने ।

क. Analysis of Contract Rates Building पाना ५६
ख. Analysis of User Rates Building पाना ५४
ग. Analysis of Contractor Rates Road पाना ५४
घ. Analysis of Users Committee Rates Road पाना ५५
ङ. १.५ को हेण्ड पम्प तथा आर्टिजन बोरको जडान खर्चको विश्लेषण पाना १

३. घुम्ती शिविर सञ्चालन सम्वन्धमा

क. स्थानीय सेवा प्रवाहलाई सरल, सहज तरिकाले स्थानीयवासीको घरदैलोबाटै उपलब्ध गराउनको लागि घुम्ती शिविर सञ्चालन गरी ज्येष्ठ नागरिक परिचय-पत्र, संस्था नविकरण, व्यवसाय दर्ता तथा नविकरण सम्बन्धी कार्य गर्ने । घुम्ती शिविर सञ्चालन गर्दा प्रत्येक वडासँग समन्वय गरी प्रत्येक वडाको पायक पर्ने २ स्थान निर्धारण गरी एक-एक दिन सञ्चालन गर्ने व्यवस्था मिलाइ सर्वसाधरणको जानकारीका लागि सूचना प्रवाह गर्ने र चालु आ.व.को आर्थिक ऐन बमोजिम २०८० असोज मसान्तभित्र दर्ता, नविकरण एवं व्यवसाय कर तिरेमा गत दुई आ.व.को शुल्क जरिवाना मिनाहा गर्ने व्यवस्था भएकोले सोही बमोजिम सम्पूर्ण उद्योगी, व्यवसायीहरूलाई सम्बन्धित वडा कार्यालयमार्फत जानकारी गराउने ।

मिति : २०८०/०४/३०, कार्यपालिका बैठक संख्याः२-०८०/८१

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

ख. शिविर सञ्चालन गर्दा प्रशासन शाखा प्रमुख श्री गिरीराज अर्याललाई जिम्मेवारी दिई निजको नेतृत्वमा आवश्यकता अनुसार प्रमुख प्रशासकीय अधिकृतले कर्मचारी खटाउने र खटिने कर्मचारी तथा प्रतिनिधिलाई दैनिक रू. १००० र खाजाको व्यवस्था गर्ने । गाउँपालिका अध्यक्ष, उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतले समन्वय, अनुगमन र सहजिकरण गर्ने ।

४. आ.व. २०८०/८१ को वार्षिक कार्यक्रम कार्ययोजना सम्वन्धमा

क. गाउँपालिकाबाट प्रदान गरिने सेवा प्रवाहलाई सरलिकृत र सहज बनाई सानातिना कामको लागि पटक-पटक गाउँपालिकासम्म आउनुपर्ने बाध्यतालाई अन्त्य गर्ने उद्देश्यले चालु आ.व.का लागि गाउँसभाबाट स्वीकृत नीति तथा कार्यक्रमको बुँदा नं. १३५ मा उल्लेख भए अनुसार रू. १ लाखसम्म वजेट विनियोजन भएका वडागत सिलिङ अनुसारका योजना तथा कार्यक्रम कार्यान्वयनको लागि वडा बाटै ल.इ. स्वीकृती, सम्झौता र कार्य सम्पन्न गर्ने गरी अधिकार प्रत्यायोजन गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाउने ।

ख. चालु आ.व.मा कार्यान्वयनका लागि छुट्टाइएका योजना तथा कार्यक्रमहरू सुव्यवस्थित एवं गुणस्तरीय तवरले समयमै सम्पन्न गर्नका लागि सबै शाखा र वडा कार्यलयबाट कार्यान्वयन कार्ययोजना तयार गर्न लगाई सोही बमोजिम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । गाउँपालिका अध्यक्षलाई कार्ययोजना स्वीकृत गर्ने गरी अख्तियारी दिने ।

५. विविध

क. कार्यालय सहायकहरूलाई सहायक कम्प्युटर अपरेटरमा पदनाम कायम गर्ने सम्बन्धमा

मिति २०८० श्रावण ५ गतेको कार्यपालिकाको बैठकबाट वडा कार्यालयहरूमा कार्यरत योगयता पुगेका कार्यालय सहायकहरूलाई सहायक कम्प्युटर अपरेटरमा पदनाम गर्ने निर्णय भएकोमा कार्यरत सम्पूर्ण कार्यालय सहायकहरूले आवश्यक न्यूनतम योगयताको प्रमाण पेश गरेको हुँदा गाउँपालिकाको स्वीकृत संगठन संरचना तथा दरबन्दी तेरिज बमोजिम सहायक कम्प्युटर अपरेटरको पदमा पदनाम गरी २०८० श्रावण १ गतेदेखि नै लागू हुने गरी करार सम्झौता गर्ने ।

ख. जग्गा नापजाँचमा खटिने कर्मचारीका सम्बन्धमा

गाउँपालिकाको भूमीहीन दलित, भूमीहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीको जग्गा नापजाँचमा खटिएका कर्मचारीहरूलाई हालसम्म प्रोत्साहन भत्ता दिदैं आएकोमा उक्त भत्ता कटौती गरी कार्यालय समयका अतिरिक्त कामकाजमा लगाएवापत मिति २०८० श्रावण १ गतेदेखि लागू हुने गरी दैनिक खाजा खाना खर्च रू. ३०० का दरले उपलब्ध गराउने र आवासका लागि गाउँपालिकाको प्रशासनिक भवनमा रहेको कोठाहरू प्रयोग गर्न दिने ।

मिति : २०८०/०४/३० कार्य बैठक संख्या:२-०८०/८१

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

ग. कञ्चन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (पहिलो संशोधन),२०८० सम्बन्धमा

कञ्चन गाउँपालिका क्षेत्र भित्र सञ्चालनमा रहेका व्यवसायिक संस्था, व्यापारिक कृयाकलाप आदिको अनुगमन गरी राजस्व संकलन तथा अनुगमन कार्य प्रभावकारी गराई नेपालको संविधानले प्रत्याभुत गरेको उपभोक्ताको हकको संरक्षण र सम्वर्द्धन गर्ने उद्देश्यका साथ कञ्चन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७७ लाई देहाय बमोजिम संशोधन गर्ने ।

कञ्चन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका (पहिलो संशोधन),२०८०

**तिन महले फारम**

| सि.नं. | दफा | उपदफा | निर्देशिकाको वर्तमान व्यवस्था | निर्देशिकामा संशोधन प्रस्ताव | कै |
|---|---|---|---|---|---|
| १ | | | कञ्चन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका(पहिलो संशोधन प्रस्ताव )२०८० | | |
| | | | कञ्चन गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका,२०७७ लाई संशोधन गर्न बाञ्छनिय भएकाले स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा १०२(२) ले दिएको अधिकार प्रयोग गरी देहायका नियमहरु बनाएको । | | |
| | | | १. संक्षिप्त नाम र प्रारम्भः(क) यो निर्देशिकाको नाम कञ्चन गाउँपालिकाबाट गरिने बजार अनुगमन (पहिलो संशोधन) निर्देशिका,२०८० रहने छ ।<br>ख. यो निर्देशिका तुरुन्त लागु हुनेछ । | | |
| २. | परिच्छेद -३ दफा ८ | (२) | उपदफा (१) बमोजिम गठन हुने बजार अनुगमन टोलीमा देहाय बमोजिम सदस्य रहनेछन्.<br>क.कार्यालयको उपभोक्ता हित संरक्षण हेर्ने शाखा / डेस्क / ईकाई प्रमुख — संयोजक<br>ख.स्थानीय प्रशासनको प्रतिनिधि(उपलब्ध भए सम्म)-सदस्य<br>ग.स्थानीय सुरक्षा निकाय (नेपाल प्रहरीको) प्रतिनिधि- सदस्य<br>घ.सम्वन्धित विषय क्षेत्रको प्रतिनिधि- सदस्य | बजार अनुगमन टोलीमा देहाय बमोजिमका सदस्यहरु रहनेछन् ।<br>क. गाउँपालिका उपाध्यक्ष-संयोजक<br>ख. प्रमुख प्रशासकीय अधिकृत — सदस्य<br>ग. स्थानीय प्रहरीको प्रतिनिधि-सदस्य<br>घ. नागरिक समाज वा उपभोक्ता हित संरक्षणमा कृयाशिल संस्था एवं व्यक्ति मध्येबाट अध्यक्षले तोकेको एक जना — सदस्य<br>ङ. उद्योग वाणिज्य संघको प्रतिनिधि एक जना — सदस्य | |

सागर गौतम
प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | ङ.उपभोक्ता हित संरक्षणमा कृयाशिल संस्था वा व्यक्तिहरु मध्येबाट मनोनित एक जना — सदस्य<br><br>च.उद्योग वाणिज्य संघको प्रतिनिधि — सदस्य<br>छ.पत्रकार महासंघ प्रतिनिधि/ सञ्चारकर्मी | च. सम्वन्धित वडाको वडा अध्यक्ष — सदस्य<br>छ. गाउँपालिका प्रवक्ता- सदस्य<br>ज. पत्रकार महासंघ प्रतिनिधि / सञ्चारकर्मी — सदस्य<br>झ. सम्वन्धित शाखा प्रमुख - सदस्य सचिव | |

घ. बजार अनुगमन सम्बन्धमा

यस गाउँपालिकाको क्षेत्रभित्र रहेका उद्योग, व्यवसाय, सहकारी संस्था आदिको भदौ महिनाभित्र अनुगमन गर्ने

- अनुगमनका क्रममा गाउँपालिकामा व्यवसाय कर नतिरेका व्यवसायीहरूलाई १ पटकका लागि ७ दिने समय दिइ कर तिर्न निर्देशन दिने,
- अनुगमनका क्रममा म्याद नाघेका, जनस्वास्थ्यमा प्रतिकुल असर पार्ने, लेभल नभएका सामग्रीहरू जफत गरी नष्ट गर्ने व्यवस्था मिलाउने,
- सबै पसलहरूमा अनिवार्य रूपमा मूल्य सूची राख्ने व्यवस्था मिलाउने,
- अनुगमन गर्दा सम्भव भएसम्म सम्बन्धित क्षेत्रको विषय विज्ञलाई समेत आमन्त्रण गर्ने व्यवस्था मिलाउने ।

ङ. हरैया माध्यमिक विद्यालय भवनको ठेक्का आव्हान सम्बन्धमा

हरैया माध्यमिक विद्यालयको भवन निर्माणका लागि चालु आ.व.मा नेपाल सरकारको विशेष अनुदान अन्तर्गत रू. १ करोड बजेट विनियोजन भएकोमा उक्त माध्यमिक विद्यालयको च.नं. ३० मिति २०८०/०४/३० को पत्रबाट प्राविधिक धारको दोस्रो र तेस्रो तलाको Structural कार्य सम्पन्न गर्ने कार्यलाई प्राथमिकतामा राखी लागत अनुमान गरिदिनु हुन भनी अनुरोध भई आएकोमा प्राविधिक लागत अनुमान अनुसार उक्त काम गर्न रू.१,४३,४३,७८८.९७ लागत लाग्ने देखिएकोले E-Bidding गर्दा ठेक्का रकम घट्न सक्ने सम्भावनालाई मध्यनगर गर्दै रू. रू.१,४३,४३,७८८.९७ लागत अनुमान स्वीकृत गरी ठेक्का आव्हान गर्ने र रकम अपुग हुने भएमा गांउँपालिकाको हिउँदे सभामा अपुग रकम व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।

च. घर नक्सा अभिलेखीकरण सम्बन्धमा

माथि छलफल गर्दा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद-७ को दफा २७(१) को प्रयोजनार्थ यस गाउँपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरू सम्बन्धित स्थानीय तहबाट नक्सा पास नगराई निर्माण गरिएका भवनहरू प्रचलित नेपाल कानून बमोजिम अवैध हुने भएकाले सो कार्यको वैधानिकिकरणका लागि भवनको संरचनात्मक जोखिम असर स्वयं सम्बन्धित घरधनीमा निहित रहने

मिति : २०८०/०४/३० कापा बैठक संख्याः२-०८०/८१

गरी नियमानुसार अभिलेखीकरण गर्नको लागि एकपटकका लागि ६० दिनको समय दिइ सूचना प्रकाशन गर्नको लागि स्वीकृति दिने।